नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०७८/७९
चलानी नं.:- ३१२

मितिः २०७९।०१।२२

श्री ओसन पब्लिकेसन प्रा.लि.
काठमाडौं।

विषय : स्वीकृति रद्द गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा ओसन पब्लिकेसन् प्रा.लि. ले प्रकाशन गरेको पाठ्यसामग्रीको मूल्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्धारण गरेबमोजिम नराखेको भन्ने सम्बन्धमा च.नं. ३०४ मिति २०७९।०१।११ मा त्यस पब्लिकेसनसंग लिखित जवाफ माग गरिएकोमा सबै पुस्तक मापदण्डअनुसार रहेको र कारणवस कक्षा ७ को Science & Technology मा ५३ रुपैंया मूल्य बढी भएको भन्ने ब्यहोरा उल्लेख भएकोले यस केन्द्रको च.नं. १८०६ मिति २०७८।१२।१४ को पाठ्यसामग्री स्वीकृति सम्वन्धी पत्रमा पाठ्यक्रम विकास केन्द्रले जारी गरेको निर्देशनलगायत प्रावधानहरूको पूर्ण परिपालन नगरेमा स्वीकृति जुनसुकै बेला रद्द हुने छ भनी उल्लेख भएको र सोही पत्रको निर्देशन बुँदा नं. ४ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयानुसार मूल्य कायम गर्ने भन्ने ब्यहोरा उल्लेख भएको हुँदा त्यस पब्लिकेसनबाट प्रकाशन भएको कक्षा ७ को Science & Technology मा मूल्य बढी राखेको सम्बन्धमा स्वीकृती रद्द किन नगर्ने नगर्नुपर्ने कारण भए स्पष्टीकरण पेश गर्न पत्राचार गरिएकामा त्यस पब्लिकेसनले पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकाले पाठ्यसामग्री स्वीकृति सम्बन्धी पत्रमा पाठ्यक्रम विकास केन्द्रले जारी गरेको निर्देशन पूर्णरूपमा परिपालना नगरी कक्षा ७ को Science & Technology मा निर्धारित मूल्य भन्दा बढी मूल्य कायम गरेको देखिएको हुँदा यस केन्द्रको च.नं. १८०६ मिति २०७८।१२।१४ को कक्षा ७ को Science & Technology को पाठ्यसामग्री स्वीकृति यस केन्द्रको मिति २०७९।०१।२२ को निर्णयानुसार रद्द गरिएको ब्यहोरा जानकारी गराइन्छ। साथै कक्षा ७ को Science & Technology को पाठ्यसामग्री बिक्रिवितरण नगर्नु नगराउनु हुन तथा यदि बिक्रिवितरण गरेको पाइएमा कानुन अनुसार कारवाही हुने ब्यहोरा अनुरोध छ।

तारा पाण्डे तिवारी
पाठ्यक्रम अधिकृत
२०७९।०१।२२

बोधर्थ :
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र,
सानोठिमी, भक्तपुर ।